स्थानीय सरकार

शिवनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३

चलानी नं.:-

## कर तथा राजस्व दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

मिति २०८३।०३।२५

यस शिवनाथ गाउपालिकाको कार्यालय क्षेत्रभित्र व्यापार व्यवसाय सञ्चालन गरिरहनुभएका उद्योगी, व्यवसायी तथा सम्पूर्ण गाउँपालिकाबासी करदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

चालू आर्थिक वर्षको व्यवसाय कर, मालपोत (भूमि कर) र घरबहाल/घरकर बापतको राजस्व बुझाउन बाँकी रहेका र गत विगतका आर्थिक वर्षहरुको बक्यौता बुझाउन बाँकी रहेका करदाताहरूले असार मसान्तभित्र अनिवार्य रूपमा यस कार्यालयको राजस्व शाखा वा तोकिएको वडा कार्यालयमा गई राजस्व दाखिला गर्नुहुन अनुरोध गरिन्छ। साथै असार मसान्तभित्र राजस्व दाखिला नगरेमा शिवनाथ गाउँपालिकाको आर्थिक ऐन २०८२ को दफा ३ र ५ बमोजिम थप जरिवाना र हर्जाना लाग्ने व्यहोरा समेत अवगत गराइन्छ।

नोटः अन्तिम समयमा हुने भीडभाडलाई छल्न र जरिवानाबाट बच्न समयमै आफ्नो कर तिरी सभ्य नागरिकको कर्तव्य पालना गरौं।

.........................

एकराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः सूचना वेवसाइटमा अपलोड गरिदिन हुन।

श्री वडा कार्यालय ६ वटैः वडा कार्यालयमा सूचना टाँस गरिदिन हुन।